# बुढीगंगा राजपत्र


## बुढीगंगा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ६ मिति २०८२ पुस २५ गते


## भाग १

## बुढीगंगा नगरपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

संवत् २०८२ को ऐन नं ६

## <u>कृषि तथा पशुपन्छी ऐन, २०८२</u>

**<u>प्रस्तावना:</u>** नेपालको संविधान प्रद्धत्त किसान र नागरिकको खाद्य सम्बन्धी हकको सुनिश्चितता र किसानको सशक्तिकरण, कृषिको दिगोपनाका लागि कृषि जमिनको सतह उपयोग गर्दै परम्परागत पर्यावरणमैत्री कृषि प्रणालीको प्रवर्द्धन गर्दै कृषि

प्रणालीमा सुधार गरी कृषि उत्पादनमा बृद्धि, प्रशोधन, भण्डारण र बजारीकरण गरी कृषि उपजको उचित मूल्य र बजार पहुँचको सुनिश्चतताका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम बुढीगंगा नगरपालिकाको नगर सभाले यो ऐनको तर्जुमा गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"कृषि तथा पशुपन्छी ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिबाट नगरपालिका क्षेत्रभर लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “कृषक” भन्नाले यस ऐनको प्रयोजनका लागि कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई सो बाटै जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सो



बुढीगंगा नगरपालिका

भन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत रुपमा कृषि औजार निर्माण गर्ने नागरिकलाई समेत जनाउँछ।

(ख) "कृषियोग्य भूमि" भन्नाले कृषि प्रयोजनको लागि प्रयोग हुने, कृषिजन्य उत्पादन गर्ने वा प्रचलित कानुन बमोजिम कृषि कार्यको लागि निर्धारण गरिएको भूमि सम्झनु पर्छ।

(ग) "कृषि कार्य" भन्नाले दफा ८ मा उल्लेख भए बमोजिमका विषयसँग सम्वन्धित कार्य सम्झनु पर्छ र सो शब्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ।

(घ) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु र कृषि औजारलाई जनाउँदछ र सा शब्दले कृषि उपज समेतलाई जनाउँदछ।

(ङ) "कृषि व्यवसाय" भन्नाले व्यावसायिक उद्देश्यले गरिने दफा

२१ बमोजिमका व्यवसायहरुलाई जनाउँदछ ।

(च) "कृषि बजार" भन्नाले विभिन्न माध्यमबाट कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्रि वितरण गर्ने कृषि बजारलाई जनाउँदछ ।

(छ) "कृषि व्यापारी" भन्नाले कृषि उपजको थोक तथा खुद्रा व्यापारीलाई जनाउँदछ ।

(ज) "तोकिएको" वा "तोकिएको बमोजिम" भन्नाले यस ऐन अन्तर्गतको नियममा तोकिए वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(झ) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा बिक्रि गर्ने उद्देश्यले छोटो समयको लागि कृषि उपज संकलन गरेर विक्रेतालाई बिक्रि गर्ने संकलन केन्द्रलाई जनाउँदछ ।

(ञ) "हाट बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन

बिक्रि गर्ने उद्देश्यले नगरपालिकाबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजारलाई जनाउँदछ।

## परिच्छेद -दुई

## किसान पहिचान, वर्गिकरण, संरक्षण र सशक्तिकरण सम्बन्धी व्यवस्था

३. **किसानको पहिचानः** (१) नगरपालिकाले कृषि कार्यमा संलग्न किसानको तोकिएबमोजिम गणना गरी पहिचान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका किसानलाई दफा ४ बमोजिमको आधारमा वर्गिकरण गरी किसान परिचय-पत्र प्रदान गर्नु पर्नेछ।

४. **किसानको वर्गिकरणः** (१) नगरपालिकामा रहेका भूमिहीन किसान, सिमान्तकृत किसान, पारिवारिक खेतीको रुपमा निर्वाहमूखी कृषि कार्य गर्दै आएका साना किसान, मध्यम किसान र अन्य कृषि पेशा तथा व्यवसाय गर्दै आएका ठूला तथा व्यावसायिक किसानलाई जीविकोपार्जन र कृषि क्षेत्रको दिगो विकास हुने गरी वर्गिकरण गरिनेछ।

(२) किसानको वर्गिकरण तथा सूचीकरण सम्बन्धी आधार र सूचक तथा परिचय पत्र वितरण तोकिएबमोजिम हुनेछ।

(३) दफा ३ बमोजिम परिचय-पत्र प्राप्त किसानलाई नगरपालिकाबाट अनुदान, बीमा, सहुलियत, सेवा तथा सुविधा प्रदान गर्न सकिनेछ।

५. **कृषक समूह गठन र सञ्चालनः** (१) नगरपालिका वा वडा वा टोलस्तरमा रहेका किसानले आफ्नो सामूहिक हित र क्षमता विकासका लागि निश्चित क्षेत्रका किसान परिवारबाट प्रतिनिधित्व हुने गरी कृषक समूह वा पशुपालक समूह गठन र सञ्चालन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठन गरिएको कृषक समूह वा पशुपालक समूहलाई नगरपालिकामा दर्ता गर्नु पर्नेछ र प्रत्येक दुई वर्षमा नवीकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भई सञ्चालनमा रहेका कृषक समूह वा पशुपालक समूहलाई नगरपालिकाले आवश्यक सेवा सुविधा प्राप्तिका लागि सहजीकरण गर्न र सिफारिस प्रदान गर्न सक्नेछ।

(४) दर्ता भई दुई वर्षसम्म निष्कृय रहेका वा अनुदान रकम र अन्य सुविधा दुरुपयोग गर्ने कृषक समूह वा पशुपालक समूहलाई कार्यपालिकाको निर्णयबाट दर्ता खारेज गर्न सकिनेछ।

तर, यसरी दर्ता खारेज गर्नुपूर्व पैतिस दिनको समय दिई सुनुवाईका मौका दिइनेछ।

(५) कृषक समूह दर्ता, नविकरण, खारेजी तथा समूह सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

६. **कृषि तथा पशुपन्छी सहकारी सस्थाः** कृषि तथा पशुपन्छी सहकारी संस्थाको दर्ता, सञ्चालन र नियमन सम्बन्धी व्यवस्था नगरपालिकाको सहकारी सम्बन्धी कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

७. **किसानको संरक्षण र सशक्तिकरणः** (१) नगरपालिका क्षेत्रभित्रका सबै किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणका लागि वार्षिक र आवधिक रुपमा योजना र कार्यक्रम तर्जुमा गरी सम्बन्धित किसान वा कृषक समूह वा यस्ता समूहका सञ्जाल वा कृषि सहकारी संस्था वा कृषि फर्म र कृषि सम्बन्धी लघु उद्यम तथा घरेलु उद्योग मार्फत कार्यान्वयन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका योजना तथा कार्यक्रम तर्जुमा गर्दा गरिब तथा विपन्न, भूमिहीन,

सिमान्तकृत र साना किसान, कृषि श्रमिक, कृषि कार्यमा संलग्न महिला, आदिवासी जनजाती र दलित किसानका आवश्यकतालाई विशेष प्राथमिकता प्रदान गर्नु पर्नेछ।

(३) किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणका लागि उपलब्ध स्रोत साधन र क्षमताका आधारमा देहायबमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछः

(क) भूमिहीन किसान तथा सिमान्तकृत किसानलाई आफै कृषि कार्य नगर्ने व्यक्तिका जग्गा जमिन वा नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिका र अन्य कुनै संघ संस्थाले उपलब्ध गराएका तथा प्रयोग गर्न दिएका जग्गा निश्चत अवधिका लागि सम्झौता गरी भाडामा लिई कृषि कार्य गर्न पाउने अवस्था सृजना गर्न सहजीकरण गर्ने,

(ख) अधिया खेती प्रणालीको अनुगमन र नियमन गर्ने,

(ग) कृषि श्रमिकले कृषि कार्य गरे वापत पाउने पारिश्रमिक र सेवा

सुविधा निर्धारण गरी दैनिक रुपमा पारिश्रमिक पाउने कुराको सुनिश्चतता गर्ने,

(घ) कृषि प्रसार, सेवा, सामग्री र प्रविधिमा किसानको पहुँच सुनिश्चतताका लागि आवश्यक पर्ने क्षमता विकासका कार्यक्रम नियिमत रुपमा सञ्चालन गर्ने,

(ङ) कृषि सम्बन्धी क्षमता विकासका कार्यक्रममा भूमिहीन र सिमान्तकृत किसान, गरिब तथा विपन्न किसान, कृषि श्रमिक, महिला किसान र कृषि कार्यमा आश्रित आदिवासी जनजाति, दलित परिवार, अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई प्राथमिकता प्रदान गर्ने,

(च) किसान तथा कृषक समूहले पाउने सेवा, सुविधा, वस्तु, प्रविधि, छुट, सहुलियत, अनुदान आदि परिचय प्राप्त किसानले समयमा नै पाउने किसिमको संस्थागत प्रवन्ध गर्ने,

(छ) किसानका कृषि तथा खाद्य उत्पादन र पशुपन्छीजन्य उत्पादनहरुको उचित बजारमूल्य पाउने गरी कृषिजन्य उत्पादनको बजार सूचना प्रणाली बनाई सूचना प्रवाह र प्रचारप्रसार गर्ने,

(ज) किसानहरुलाई सङ्गठित हुने अवशर सिर्जना गर्नका लागि कृषक समूह, पशुपालक समूह तथा कृषि सहकारी संस्था गठन र दर्ता एवम् नवीकरण प्रक्रिया सरल बनाई सहजीकरण गर्ने र कृषि कार्यक्रमहरु कृषक समूह मार्फत सञ्चालन गर्न प्राथमिकता प्रदान गर्ने,

(झ) सामुहिक खेती, करार खेती गरी कृषि उत्पादन बढाउनका लागि उत्पादनमा आधारित प्रोत्साहनमूलक सेवा सुविधा प्रदान गर्ने,

(ञ) नगरपालिकालाई कृषि उपज, दुग्ध पदार्थ र मासुजन्य उत्पादन तथा खाद्य प्रशोधनमा अत्मनिर्भर

बनाई बाह्य क्षेत्रमा समेत निर्यात गर्नमा सक्षम बनाउने, र

(ट) किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणमा निरन्तर योगदान गर्ने र व्यक्तिगत उत्पादन समेत बढाउने किसान लगायतका व्याक्ति वा संघ संस्थालाई पारदर्शी र निष्पक्ष मूल्याकनका आधारमा सम्मानित वा पुरस्कृत गर्ने प्रणाली स्थापना गर्ने।

## परिच्छेद -३

## कृषियोग्य जमिनको संरक्षण र उपयोग सम्बन्धी व्यवस्था

८. **कृषि कार्यः** यस ऐनको प्रयोजनका लागि देहायबमोजिमका कार्यलाई कृषि कार्यको रुपमा लिइनेछः

(क) स्थानीय तथा रैथाने लगायतका विभिन्न अन्नवाली सहितका खाद्यान्न बालीको उत्पादन,

(ख) फलफूल, तरकारी, दलहन, तेलहन, चिया कफी तथा मसलाजन्य बस्तु, च्याउ लगायतका नगदेवालीको खेती,

(ग) रैथाने लगायत विभिन्न पशु, पन्छी, माछा तथा मौरी पालन,

(घ) ऊखु, फूल, रेशम, कपास, जुट, सनपाट, काँस, बाबियो, बेत र बाँस ,

(ङ) जडीबुटी खेती, घाँस उत्पादन र विरुवा उत्पादन तथा कृषि वन सञ्चालन,

(च) कृषि कार्यका लागि आवश्यक पर्ने दाना, मलखाद, जैविक विषादी, कृषि औजार आदिको उत्पादन,

(छ) प्रचलित कानुन बमोजिम अनुमति प्राप्त गरी जङ्गल र जलाशय खेती गरी उत्पादन गरिने अन्य उपभोग्य बस्तुहरु, र

(ज) खण्ड (क) देखि (च) सम्म गरिएका कृषि कार्यबाट उत्पादित वस्तुहरुको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरण।

९. **<u>कृषि भूमिको संरक्षणः</u>** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र पहिचान भएका कृषि भूमिको संरक्षणका लागि देहायबमोजिमका कार्यक्रम सञ्चालन गर्नेछः

(क) कृषि भूमिलाई कृषि बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्नमा निरुत्साहित गर्ने,

(ख) कृषि भूमिको उर्वरता शक्ति घटाउने, माटोको गुणस्तर ह्रास हुने, कृषि जैविक विविधता नष्ट हुने तथा मानव स्वास्थ्य, पशुपन्छी र जलचर लगायतका प्राणीलाई गम्भीर असर गर्ने खालका रासायनिक मल वा विषादी प्रयोगलाई निरुत्साहित गर्ने,

(ग) प्राङ्गारिक मलको प्रयोग र पर्यावरणमैत्री कृषिलाई प्रवर्द्धन गरी जैविक कृषि उत्पादन बढाउन प्रोत्साहन गर्ने,

(घ) बहुवर्षिय र चक्रिय बाली लगाई भूमिको उत्पादकत्वमा वृद्धि ल्याउने सहयोग गर्ने,

(ङ) कृषि भूमिलाई बाढी पहिरो तथा नदी कटानबाट जोगाउन क्षयीकरण नियन्त्रण, पानीको उपयुक्त निकाश, तटबन्ध तथा



बुढीगंगा नगरपालिका

गल्छी निर्माण, भिरालो जमिनमा गराखेती र आवश्यकता अनुसार कृषि वन प्रणाली अवलम्बन गर्नका लागि सहयोग र प्रोत्साहन गर्ने,

(च) कृषि जमिन क्षति हुने गरी सञ्चालन गरिने विकास आयोजनालाई स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसारका कार्य गर्न लगाई क्षति भएको कृषि जमिनको पुनर्स्थापना गर्ने लगाउने,

(छ) कृषि कार्यका लागि जमिनको चक्लाबन्दी गराउन र कृषि जमिन बाँझो नराखी नियमित रुपमा खेती गर्नका लागि प्रोत्साहन गर्ने, र

(ज) कृषि भूमि संरक्षणका लागि आवश्यक स्रोत साधन सहित आवधिक रुपमा बजेट विनियोजन गरी संरक्षणका कार्यक्रम सञ्चालन गर्ने।

(२) बाढी पहिरो लगायतका दैवि प्रकोपबाट कुनै किसानको कृषि भूमिको गुणस्तर ह्रास भएमा वा

कृषिभूमि क्षति भएमा उक्त कृषि भूमिको उकासका लागि सम्बन्धित किसानलाई नगरपालिकाबाट प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सकिनेछ।

(३) बाढी पहिरो लगायतका दैवि प्रकोपका कारण कुनै किसानको कृषि भूमि उकास हुन नसक्ने गरी क्षति भएमा सो वापत जमिनको आर्थिक मूल्याङ्कन र किसानको जीविकाको विकल्प समेत मध्यनजर गरी नगरपालिकाबाट प्रभावित किसानलाई क्षतिपूर्ति उपलब्ध गराउन सकिनेछ।

१०. **कृषियोग्य भूमिको उपयोगः** (१) कार्यपालिकाको आर्थिक विकास समितिले नगरपालिका भित्रको कृषि योग्य जमिनलाई बाँझो नराखी निरन्तर खेती गर्न प्रोत्साहन गर्ने गरी आवश्यक उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरी कृषियोग्य जमिन बाँझो नरहने अवस्था सृजना गर्नेछ।

(२) आफ्नो कृषियोग्य भूमिमा जग्गावाला आफैले कृषि कार्य गर्न नसक्ने वा नगर्ने व्यक्तिले सोको जानकारी सम्बन्धित वडा कार्यालयलाई गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त हुन आएमा जग्गावालाको भूस्वामित्वमा कुनै असर नपर्ने गरी उक्त जग्गालाई सम्बन्धित वडा कार्यालयले

भाडामा लिई भूमिहीन किसान, सिमान्त किसान, कृषि श्रमिक, कृषक समूह, कृषि सहकारी वा अन्य पौरखी किसानबाट समेत खेती गराई खेतीयोग्य जमिन बाँझो नराखी कृषि उत्पादन बढाउन आवश्यक व्यवस्था वा प्रवन्ध गर्न सक्नेछ।

(४) कृषियोग्य जमिन भएका व्यक्ति तथा परिवारले करार गरी आफ्नो जमिन अन्य किसान परिवार, व्यक्ति, कृषक समूह तथा संस्थालाई भाडामा दिंदा लिन पाउने भाडादर सम्बन्धित वडा कार्यालय र कार्यपालिकाको आर्थिक विकास समितिको सिफारिसमा नगरपालिकाले निर्धारण गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम निर्धारण गरिएको जग्गाको भाडादर सम्बन्धी सूचना कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम भाडादर निर्धारण गर्दा जग्गाको ऊर्वरा शक्ति, सिंचाइ सुविधा तथा सम्बन्धित जग्गाको पहुँचमा रहेका कृषि पूर्वाधार र सुविधा समेतको आधारमा निर्धारण गर्नु पर्नेछ र यस्तो भाडादर कृषि जमिनको सुविधा अनुसार फरक हुन सक्नेछ।

(७) यस दफाको कार्यान्वयनका लागि कार्यपालिकाले कार्यबिधि बनाई लागु गर्न सक्नेछ।

११. **करार खेती सम्बन्धी व्यवस्थाः** (१) कृषियोग्य जमिनमा आफैं खेती गर्न नसक्ने जग्गा धनीले त्यस्तो जमिन दफा १२ बमोजिम निर्धारित भाडा दरमा करार खेती गर्न इच्छुक कृषक वा कृषक समूहलाई खेती गरी कृषि उत्पादन गर्न वा पशुपन्छी तथा जलचर पालनका लागि करारमा उपलब्ध गराउन सक्नेछ।

(२) करारमा जग्गा उपलब्ध गराउन ईच्छुक जग्गाधनीले नगरपालिकामा आफ्नो कृषि भूमिको विवरण अभिलेखित गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अभिलेखित गराएको जमिनलाई कृषि उत्पादनका लागि उपयोग गर्न चाहने भूमिहीन किसान, दलित किसान, सिमान्तकृत तथा साना किसान, महिला किसान तथा यस्ता किसानको कृषक समूहलाई करार गरी भाडामा उपलब्ध गराउन कार्यपालिकाको आर्थिक विकास समितिले आवश्यक सहयोग र सहजीकरण गर्नु पर्नेछ।

(४) कार्यपालिकाको आर्थिक विकास समितिले तय गरेको भाडादरसँग तालमेल हुने गरी कृषियोग्य जमिन भाडामा लिने दिने न्यूनतम् अवधि तथा त्यसका

शर्तहरु जग्गा धनी र कृषकको आपसी सम्झौता बमोजिम हुनेछन्।

(५) उपदफा (४) को प्रयोजनका लागि सम्झौताको आवश्यक ढाँचा तथा अन्य आवश्यक कागजात तयारीमा कार्यपालिकाको आर्थिक विकास समितिले सहजीकरण गर्न सक्नेछ।

(६) जग्गा भाडामा लिने कृषक वा कृषक समूहले त्यस्तो भाडामा लिएको जग्गामा हानी नोक्सानी पुऱ्याउने तथा जमिनको कृषि उत्पादनशीलता घटाउने किसिमका कार्यहरु गर्न गराउन पाइने छैन र भाडामा लिएको कृषि जमिनको प्रयोगमा कुनै परिवर्तन गर्नु परेमा जग्गाधनीको स्वीकृति लिनुपर्नेछ।

(७) सरकारी निकाय वा सङ्घ संस्थाले भाडामा वा अन्य रुपमा कृषि कार्यका लागि किसानलाई उपलब्ध गराएको जमिन सम्बन्धित निकाय वा सङ्घ संस्थाको अनुमति नलिई कृषि कार्य बाहेक अन्य प्रयोजनका लागि उपयोग गर्न पाइने छैन।

(८) जग्गा भाडामा लिई करार खेती तथा व्यावसायिक खेतीगर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(९) कार्यपालिकाको आर्थिक विकास समितिले नगरपालिका क्षेत्रभित्र अधिँया प्रथालाई निरुत्साहित गर्दै करार प्रणालीबाट कृषि जमिनको उपयोग गरी कृषि उत्पादन बढाउन प्रोत्साहन गर्नु पर्नेछ।

१२. **<u>सार्वजनिक कृषियोग्य भूमिको उपयोगः</u>** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै उपयोगमा आउन नसकी खाली रहेको र कृषि प्रयोजनका लागि उपयुक्त रहेको सार्वजनिक जमिनलाई उक्त जमिनको स्वामित्व रहेको निकाय वा संस्था र किसान बीच न्यूनतम् भाडा लिनेदिने शर्तमा करार गरी कृषि प्रयोजनका लागि कृषक वा कृषि समूहलाई उपलब्ध गराउन समन्वय र सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कृषि जमिनको न्यूनतम् भाडा दर निर्धारणका लागि कार्यपालिकाको आर्थिक विकास समितिले समन्वय गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम करार गरी कृषि कार्यका लागि जमिन उपलब्ध गराउँदा भूमिहीन किसान, सिमान्तकृत किसान तथा साना किसान, महिला किसान तथा कृषिमा निर्भर दलित किसानलाई प्राथमिकता दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम करार गरी लिने दिने गरेको जमिनमा करार अवधिभर कृषि कार्य बाहेक अन्य कार्य गर्न पाइने छैन।

१३. **सामुहिक खेतीः** (१) नगरपालिका क्षेत्रभित्र कुनै कृषक समूह वा कृषि सहकारी संस्थाले भूमिहीन किसान र सिमान्तकृत तथा साना किसानका लागि समुहिक खेती गर्ने गरी जमिन उपलब्ध गराउन अनुरोध गरेमा कार्यपालिकाको आर्थिक विकास समितिले आवश्यक जमिनको खोजी गरी जमिन उपलब्ध गराउन सक्नेछ।

(२) सामुहिक खेतीबाट प्राप्त लाभको बाँडफाँड उक्त खेतीमा संलग्न किसानको आपसी सम्झौता बमोजिम हुनेछ।

(३) सामुहिक खेतीबाट उत्पादित कृषि उपज र सोको बिक्रि वितरणबाट प्राप्त लाभमा कुनै पनि किसिमको स्थानीय कर लगाईने छैन।

(४) निजी जमिनलाई पूर्ण वा आंशिक रुपमा चक्लाबन्दी गरी सामुहिक खेती गर्न चाहने कृषक समूह, कृषि सहकारी संस्था वा अन्य कुनै सामुदायिक संस्थालाई आवश्यक पर्ने विद्युत, सिंचाइ र कृषि सडक सहित भण्डारण र आवश्यक औजार तथा उपकरणहरुमा समेत कार्यपालिकाको निर्णय बमोजिमका सुबिधाहरु प्रदान गर्न सकिनेछ।

## परिच्छेद-४

## सिंचाइ, बीउ बीजन, मलखाद तथा किटनाशक विषादी सम्बन्धी व्यवस्था

१४. **सिंचाइको प्रवन्ध गर्ने:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका खेतीयोग्य कृषि भूमिमा सतह सिंचाइ, भूमिगत सिंचाइ वा लिफ्ट सिंचाइ वा अन्य प्रविधिको प्रयोग गरी आवश्यकता अनुसार सिंचाइको प्रवन्ध गर्नेछ।

(२) सिंचाइको सुविधा उपलब्ध नभएका खेतीयोग्य जमिनमा सिंचाइ सुविधाको प्रवन्ध गर्नका लागि नगरपालिकाको लगानी बाहेक थप स्रोत साधन आवश्यक पर्ने देखिएमा नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी सिंचाइ सेवाको प्रवन्ध गरिनेछ।

(३) सम्बन्धित निकाय र कृषक समूह वा सिंचाइ जल उपभोक्ता संस्थाबीचको साझेदारी वा संयुक्त व्यवस्थापनमा सिंचाइ प्रणालीको स्थापना र सञ्चालन गर्ने सकिनेछ र यस सम्बन्धी अन्य व्यवस्था साझेदारी-पत्रमा उल्लेख भए बमोजिम हुनेछ।

(४) सतह सिंचाइ सञ्चालन हुन नसक्ने कृषि भूमिमा विद्युतबाट लिफ्ट सिंचाइ वा अन्य प्रविधि तथा

सीप विकास गरी आकाशे पानी सङ्कलन गरी वैकल्पिक सिंचाईको व्यबस्था गर्न सिकनेछ।

(५) सिंचाइका लागि बिद्युतीय तथा सौर्य उर्जाको प्रयोगलाई प्रवर्द्धन गर्नु पर्नेछ।

(६) सिंचाइ प्रयोजनका लागि स्थापना गरिएका सौर्य उर्जा प्रणालीबाट उत्पादित विद्युतलाई नेपाल विद्युत प्राधिकरण वा अन्य कुनै निकाय वा सङ्घ संस्था वा व्याक्तिलाई बिक्रि गर्न सकिनेछ।

१५. **बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको उपलव्धताः** (१) नगरपालिकाले कृषिका लागि आवश्यक पर्ने बीउ बीजन स्थानीय स्तरमा नै उत्पादन गरी भण्डारण गर्नका लागि किसानलाई आवश्यक प्राविधिक सहयोग तथा सीप उपलब्ध गराउन र यसका लागि सम्भाव्यताका आधारमा रैथाने बीउ बीजन उत्पादन पकेट क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) नगरपालिकाले स्थानीय किसानको बीउ बीजन उत्पादन, भण्डारण र प्रयोग सम्बन्धी परम्परागत ज्ञानको अभिलेख गरी नेपाल सरकार तथा प्रदेश सरकारका जीन बैंक र कृषक समूहका सामुदायिक बीउ बैंक समेतको समन्वयमा रैथाने उन्नत बीउ बीजन र सो सम्बन्धी परम्परागत ज्ञानको संरक्षण र

सदुपयोगका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्नेछ।

(३) नगरपालिकाले कृषिका लागि आवश्यक पर्ने मलखाद आपूर्तिका लागि प्राङ्गारिक मल उत्पादन र उपयोग गर्नका साथै जैविक किटनाशक विषादीको उत्पादन र उपयोगमा प्राथमिकता दिने गरी आवश्यक स्रोत साधन, प्रविधि र स्थानीय जनशक्तिको व्यवस्था गर्नेछ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यक पर्ने थप बीउ बीजन, मलखाद तथा किटनाशक वा रोगनाशक विषादी उत्पादन तथा आयात गरी वडा कार्यालय वा कृषि सहकारी तथा कृषक समूह मार्फत भण्डारण र वितरण गर्ने प्रवन्ध गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम उत्पादन तथा भण्डारण भएको बीउ बीजन, मलखाद तथा किटनाशक विषादी कृषकलाई वडा कार्यालयले आफै वा कृषि सहकारी संस्था वा सेवा प्रदायक मार्फत उपलव्ध गराउन सक्नेछ।

(६) मानव तथा पशुपन्छी र जलचरको स्वास्थ्यमा असर पार्ने र कृषि उत्पादनशीलतामा ह्रास ल्याउने खालका तथा मान्यताप्राप्त निकायबाट प्रमाणीकरण नगरिएका र प्रयोग नगर्नु नगराउनु भनी

प्रतिबन्ध लगाइएका बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको प्रयोग गर्न गराउन पाइने छैन।

(७) किसानहरुमा रासायनिक मल तथा किटनाशक विषादीलाई निरुत्साहित गर्दै जैविक विषादी तथा प्राङ्गारिक खेती प्रविधिलाई प्रोत्साहन हुने गरी नगरपालिकाबाट विभिन्न सेवा सुविधा र प्रविधि उपलब्ध गराउन सकिनेछ।

(८) बीउ बीजनका लागि सेवा सुविधा, अनुदान र सहयोग उपलब्ध गराउँदा वा कार्यक्रम सञ्चालन गर्दा बालीजन्य बीउ बीजन र घाँस बाली गरी दुबै किसिमका बीउ बीजन उत्पादन र वितरणलाई महत्व दिनु पर्नेछ।

(९) नगरपालिकाले बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको अनाधिकृत तथा मनोमानी खरिद बिक्रिमा नियन्त्रण गर्नका लागि आवश्यक प्रविधिको समेत प्रयोग गरी नियमित रुपमा बजार अनुगमन गर्नेछ।

(१०) उमारशक्ति नभएको वा फलफूल लाग्न नसक्ने किसिमको बीउ बीजन बिक्रि वितरण गरेको कारण किसानलाई कुनै हानी नोक्नानी तथा क्षति हुन गएमा उक्त क्षति वापत त्यस्तो बीउ बीजन सप्लाई

गर्ने व्यक्ति वा फर्मले प्रभावित किसानलाई प्रचलित कानुन बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

१६. <u>सामुदायिक बीउ बैंक स्थापना गर्न सकिनेः</u> (१) नगरपालिका क्षेत्रभित्र रहेका कृषक समूहले स्थानीय स्तरमा एकल वा सामूहिक रुपमा पर्यावरण र जलवायुमैत्री किसिमको सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न चाहने कृषक समूहलाई नगरपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ र यसका लागि सम्बन्धित सङ्घ संस्था र बीउ बीजन व्यावसायीबाट समेत आवश्यक सहयोग लिन सकिनेछ।

(३) सामुदायिक बीउ बैंकका माध्यमबाट रैथाने बीउ बीजनको पहिचान, अभिलेख तथा सूचीकरण, प्रचार प्रसार र प्रयोगका लागि उत्प्रेरणा प्रदान गर्नुका साथै स्थानीय किसानको रैथाने बीउ बीजन सम्बन्धी परम्परागत ज्ञान एवम् प्रथाजनित अभ्यासको अभिलेख तयार गरी राख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अभिलेखको एकप्रति नगरपालिकामा समेत अभिलेखका लागि उपलब्ध गराउनु पर्नेछ।

(५) सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-५

## कृषि सम्बन्धी सूचना, प्राविधिक ज्ञान र सीप सम्बन्धी व्यवस्था

१७. **कृषि सिकाई केन्द्र स्थापना गर्न सकिनेः** (१) नगरपालिकाले कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि वडा कार्यालयमा प्राविधि र प्राविधिक जनशक्ति सहितको कृषि सिकाइ केन्द्र स्थापना गर्न सक्नेछ।

(२) कृषि तथा पशुपन्छी विकास शाखाले कृषि सिकाई केन्द्र मार्फत किसानलाई कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि आवश्यक प्राविधिक सहयोग र प्रविधि तथा सूचना प्रवाह गर्नेछ।

(३) कृषि तथा पशुपन्छी क्षेत्रमा कार्य गर्न इच्छुक निकाय, सङ्घ संस्था र नीजि क्षेत्रले सम्बन्धित वडा कार्यलयसँग अनिवार्य रुपमा समन्वय गर्नु पर्नेछ।

(४) नगरपालिकाले किसानलाई कृषि तथा पशुपन्छी सम्बन्धी आपतकालिन सहयोग तथा उद्धार कार्यका लागि नेपाल सरकार, प्रदेश सरकार र सरोकारवाला संघ संस्थासँग समेत समन्वय गरी स्रोत

साधन र प्रविधि सहित आवश्यक सहयोग गर्न सक्नेछ।

१८. **कृषि सूचना केन्द्र सञ्चालन गर्न सक्नेः** (१) कृषि सम्बन्धी सूचनामा कृषकको सहज पहुँचका लागि नगरपालिकाले कृषि सूचना केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कृषि सूचना केन्द्रको अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

१९. **कृषि सम्बन्धी प्राविधिक ज्ञान तथा सीप वृद्धिः** (१) कृषि र पशुपन्छी तथा जलचर पालनलाई कृषकको जीविकोपार्जनका साथै व्यवसायिक रुपमा प्रवर्द्धन गर्नका लागि नगरपालिकाले आफै वा विभिन्न निकाय र परियोजनाको समन्वयमा प्रत्येक वडा कार्यालयमा कृषि तथा पशुपन्छी प्राविधिकको व्यवस्था गर्न सक्नेछ।

(२) नगरपालिकाले नगरपालिका क्षेत्र भित्रका आवश्यक स्थानमा कृषि तथा पशु सेवा केन्द्र/ एकाई स्थापना गर्न सक्नेछ।

(३) नगरपालिकाले कृषकलाई सामुहिक रुपमा प्राविधिक ज्ञान र सीप विकासका लागि आफै वा सेवा प्रदायक संस्थाको माध्यमबाट समुदायस्तरमा नियमित रुपमा तालिम सञ्चालन गर्न सक्नेछ।

(४) नगरपालिकाले कृषि विकास तथा पशुपन्छी र जलचर पालनका क्षेत्रमा उपलब्ध वातावरणमैत्री आधुनिक यन्त्रहरुमा किसानलाई सुपथ र सरल रुपमा पहुँच बढाई यान्त्रीकरण गर्न प्रोत्साहन गर्नेछ।

(५) प्रत्येक वडामा स्थानीय कृषक समूह, कृषि सहकारी संस्था वा स्थानीय कृषि फार्म वा वडा कार्यालय आफैले कम्तिमा एक वटा नमुना कृषि फार्म स्थापना र सञ्चालन गरी उक्त फार्ममार्फत किसानलाई आवश्यक तालिम सञ्चालन गर्न सकिनेछ।

(६) नगरपालिकाले कृषि मूल्य श्रृङ्खलामा आवद्ध कृषि व्यावसायी र कृषि उपज उत्पादक कृषक बीच स्वच्छ समन्वय र सहकार्य विकास गर्नेछ।

२०. <u>कृषक पाठशाला, किसान चौतारी स्थापना गर्न सकिनेः</u> (१) नगरपालिकाले कृषकको लागि कृषि सम्बन्धी प्राविधिक ज्ञान, सीप र क्षमता विकासको निमित्त प्रत्येक वडामा कम्तिमा एउटा कृषक पाठशाला स्थापना गरी सञ्चालन गर्नेछ।

(२) नगरपालिकाले कृषि तथा पशुपन्छी र जलचर पालन सम्बन्धमा कृषकले हासिल गरेका अनुभव र परम्परागत एबम् आधुनिक ज्ञान एक आपसमा आदान प्रदान गर्ने र नियमित रुपमा किसान

सम्वाद आयोजना गर्ने उद्देश्यले वा टोलस्तरमा किसान चौतारीको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(३) कृषक पाठशाला, किसान चौतारी, प्लान्ट क्लिनिक, पशु स्वास्थ्य शिविर, बाँझोपन निवारण सिविर, माटो शिविर र कृषि सिकाई केन्द्रको क्षमता विकासका लागि कृषि बिज्ञ र अन्य सरोकारवाला निकायबाट सहयोग लिन सकिनेछ।

(४) नगरपालिकाले कृषक समूह र अन्य कृषि सरोकारवालासँगको समन्वयमा कृषकलाई उपयुक्त हुने स्थानमा कृषि संग्रहालय स्थापना गर्न सक्नेछ।

(५) नगरपालिकाले किसानलाई उत्प्रेरित गर्न समय समयमा कृषि मेला तथा पशुपन्छी प्रदर्शनी मेला तथा कृषि र पशुपन्छी व्यापार मेलाको आयोजना गर्नेछ।

(६) नगरपालिकाले स्थानीय स्तरमा रहेका कृषि स्रोत व्यक्तिहरुको अभिलेख राखी उनीहरुको सीप र क्षमताका आधारमा कृषि स्वयमसेवकको रुपमा कृषि विकासका लागि परिचालन गर्न सक्नेछ।

## परिच्छेद-६

## कृषि व्यावसाय प्रवर्द्धनका लागि वित्तीय प्रोत्साहन सम्बन्धी व्यबस्था

२१. **कृषि व्यवसायको किसिमः** नगरपालिका क्षेत्रभित्र व्यावसायिक उद्देश्यले गरिने देहायबमोजिमका कार्यलाई कृषि व्यवसायको रुपमा लिइनेछः

(क) कृषि बाली वा बस्तुको उत्पादन,

(ख) कृषिजन्य वस्तुको प्रशोधन तथा विविधिकरण,

(ग) कृषि उपजको व्यापार,

(घ) कृषि उत्पादनका लागि प्रयोग हुने प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(ङ) कृषि उत्पादनको लागि प्रयोग हुने कृषि औजार, बीउ, बेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(च) कृषिमा प्रयोग हुने किटनाशक विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्रि व्यवसाय,

(छ) पशु बधस्थल, मासुजन्य वस्तु बिक्रि वितरण र

(ज) दुग्ध तथा पशुजन्य पदार्थको संकलन तथा वितरण।

२२. **कृषि व्यवसायको प्रवर्द्धन गर्न सकिने:** कृषि, पशुपन्छी जलचर सम्बन्धी व्यावसाय प्रवर्द्धनका लागि नगरपालिकाले देहायबमोजिमका कार्यहरु गर्न सक्नेछः

(क) आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गर्ने,

(ख) आवश्यक ज्ञान, सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न आफै वा विभिन्न सेवा प्रदायक मार्फत प्रवर्द्धनात्मक कार्य गर्ने,

(ग) अनुदान उपलब्ध गराउने कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने,

(घ) कृषकलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन र कृषि ऋणको ब्याज अनुदान उपलब्ध गराउन वित्तीय संस्था र अन्य निकायका लागि लागत अनुमान तयार गर्ने र सिफारिस गर्ने,

(ङ) उत्कृष्ट कृषि व्यावसायी किसान तथा कृषक समूह वा कृषि

सहकारी संस्था छनौट गरी पुरस्कार तथा छुट सहुलियत प्रदान गर्ने,

(च) व्यवसाय प्रवर्द्धनमा सहयोगी हुने खालका रैथाने बीउ, प्रविधि एवम् ज्ञान संरक्षणका लागि स्रोत साधन र सहयोग उपलब्ध गराउने,

(छ) व्यवसाय प्रवर्द्धनका लागि उपलब्ध गराइएका सेवा, सुविधाको प्रयोग तथा सदुपयोग बारे अनुगमन र मूल्याङ्कन गरी अभिलेख राख्ने र आवश्यक परामर्श प्रदान गर्ने,

(ज) व्यवसाय प्रवर्द्धनका लागि निर्माण गरेका कृषि बजार, कृषिवस्तु सङ्कलन केन्द्र र अन्य कृषि पूर्वाधारको नियमित रुपमा मर्मत सम्भार र सञ्चालन गर्ने,

(झ) कृषि व्यवसाय प्रवर्द्धनका लागि नेपाल सरकार, प्रदेश सरकार, कृषिसम्बन्धी नागरिक समाज र व्यावसायिक क्षेत्रसँग नियमित रुपमा समन्वय र सहकार्य गर्ने, र

बुढीगंगा नगरपालिका

(ञ) पशुपन्छीको खोपको व्यवस्थाका लागि आवश्यक व्यवस्थापन गर्ने।

२३. <u>कृषकलाई अनुदान र छुट सुविधा दिन सकिनेः</u> (१) नगरपालिकाले कृषि तथा पशुपन्छी र जलचर पालनमा संलग्न भूमिहीन किसान, सिमान्त किसान, साना किसान, महिला किसान र कृषिमा आश्रित दलित तथा आदिवास जनजाति किसानलाई प्राथमिकता प्रदान गरी देहायबमोजिमको कृषि अनुदान, छुट सुविधा र सहुलियत प्रदान गर्न सक्नेछः

(क) कृषि उपज र पशुपन्छी तथा जलचरमा स्थानीय कर शुल्कमा छुट,

(ख) कृषि तथा पशुपन्छी र जलचर पालन कार्यका लागि किसानलाई सिफारिस दिंदा लाग्ने दस्तुर छुट,

(ग) व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पर्ने ढुवानी साधन, यान्त्रिक उपकरण, हाट बजार, संकलन केन्द्र र शित भण्डारण केन्द्र आदिका लागि अनुदान,

बुढीगंगा नगरपालिका

(घ) परम्परागत कृषि औजार निर्माण गर्ने किसानलाई व्यवसाय दर्तामा छुट र सोको लागि अनुदान,

(ङ) कृषि कार्यका लागि महिलामैत्री यन्त्र, उपकरण र बजार व्यवस्थापनमा अनुदान,

(च) अन्य अत्यावश्यक अनुदान तथा सुविधाहरु।

(२) उपदफा (१) बमोजिमका छुट तथा अनुदान प्रदान गर्दा किसानको वर्गिकरण र कृषक परिचय-पत्रलाई आधार मानी आर्थिक ऐनमा व्यवस्था गरी गर्नु पर्नेछ।

(३) स्थानीय कृषि वस्तु तथा पशुपन्छीजन्य उत्पादनमा उल्लेखनीय योगदान गर्ने किसानलाई निश्चित् परिमाणको कृषि वस्तु तथा पशुपन्छी उत्पादन पश्चात् अनुदान प्रदान गर्ने गरी उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(४) कृषि तथा पशुपन्छी र जलचर व्यवसाय प्रवर्द्धनका लागि सहुलियत र अनुदान प्रदान सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

२४. **कृषि ऋणमा पहुँचः** नगरपालिकाले कृषकलाई कृषि व्यवसाय प्रवर्द्धनको लागि लगानी गर्न आवश्यक पर्ने रकम

बिना धितो वा धितो सहित सहुलियत व्याजदरमा वा ब्याज अनुदान प्राप्त हुने गरी कृषि ऋण उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थामा सिफारिस गर्न सक्नेछ ।

२५. <u>कृषि बाली तथा पशुपन्छी बीमाः</u> (१) नगरपालिकाले सम्बन्धित बीमक निकायको नियम अनुसार कृषकले कृषि बाली वा कृषि उपज तथा पशुपन्छी र जलचरको बीमा सहज रुपमा गर्न सक्ने अवस्था सिर्जना गर्नका लागि आवश्यक समन्वय गर्न सक्नेछ ।

(२) कृषि तथा पशुपन्छी बीमा गर्न नसक्ने गरिव तथा विपन्न र सिमान्त किसानका लागि कृषि तथा पशुपन्छी बीमा गर्न आवश्यक पर्ने रकम नगरपालिकाले अनुदानको रुपमा उपलब्ध गराउन सक्नेछ ।

(३) कृषि तथा पशुपन्छी बीमा अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद -७

## <u>कृषि उत्पादनको वर्गीकरण, भण्डारण तथा प्रशोधन सम्बन्धी व्यवस्था</u>

२६. <u>कृषि उत्पादनको वर्गीकरणः</u> नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कृषि उत्पादनलाई देहायबमोजिम हुने गरी वर्गीकरण गर्नेछः

(क) अन्न बालीः सबै प्रकारका अन्न बालीहरु।

(ख) तरकारी बालीः च्याउ लगायत सबै प्रकारका तरकारी बालीहरु।

(ग) फलफूल बालीः सबै प्रकारका फलफूलहरु ।

(घ) जरेबालीः तरुल, पिडालु, शखरखण्ड, कन्दमूल लगायतका बालीहरु।

(ङ) तेलहनः सबै किसिमका तेलहन बालीहरु।

(च) दलहनः सबै किसिमका दलहन बालीहरु।

(छ) पशुजन्य उत्पादनः गाईगोरु, भैंसी, खसी, बाख्रा, वंगूर, भेडा लगायत सबै प्रकारका घरपालुवा पशुपंछिहरु। ।

(ज) दुधजन्य उत्पादनः सबै प्रकारका दुधजन्य उत्पादनहरु।

(झ) मासुजन्य उत्पादनः मासु खान हुने विभिन्न घरपालुवा पशुपन्छीको मासु

(ञ) पन्छीजन्य उत्पादनः मासु, अण्डा, बीउ तथा मलका लागि कुखुरा, हाँस लगायतका सबै प्रकारका घरपालुवा पन्छीहरु र रेशम खेतीका उत्पादनहर।

(ट) माछापालनः खान तथा बीउ उत्पादनका लागि सबै प्रकारका माछाहरु ।

(ठ) मौरी पालनः मह तथा मौरीघार ।

(ड) पुष्प खेतीः नगरपालिका क्षेत्रभित्र र बाहिर समेत आपूर्ति हुने सबै प्रकारका फूल (पुष्प) खेतीबाट उत्पादित फूलहरु ।

(ढ) मसलाजन्य उत्पादनः नगरपालिका क्षेत्रभित्र उत्पादन हुने सबै प्रकारका मसलाहरु।

(ण) जडिबुटीः निजी जग्गा र वन क्षेत्रबाट उत्पादन तथा सङ्कलन हुने सबै प्रकारका जडिबुटीहरु।

(त) काष्ठफलहरुः बदाम, ओखर, सुन्तला, लगायतका फलहरु।

(थ) नगदेवालीः चीया, कफी, अलैची, उँखु, जुट आदी ।



बुढीगंगा नगरपालिका

(द) नर्सरीका उत्पादनहरुः विभिन्न विधिबाट उत्पादिन सबै प्रकारका बेर्ना र विरुवाहरु।

२७. <u>**कृषि उपजको भण्डारण र प्रशोधनः**</u> (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उपजको भण्डारण तथा प्रशोधनका लागि शीत भण्डार, चिस्यान केन्द्र, सङ्कलन केन्द्र, भण्डारण कक्ष, प्रशोधन केन्द्र लगायतका भौतिक पूर्वाधार निर्माण गरी किसानले सहुलियत दरमा उपयोग गर्न पाउने गरी सञ्चालनमा ल्याउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पूर्वाधार निर्माण र सञ्चालनका लागि नगरपालिकाले कृषि सहकारी सस्था वा कृषक समूहसँग संयुक्त लगानी वा व्यवस्थापन गर्न सक्नेछ।

(३) कृषि उपजको प्रशोधन तथा भण्डारण लगायतका पूर्वाधारको उपयोग बापत लाग्ने शुल्क कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादित कृषिजन्य कच्चा पदार्थको औधोगिक क्षेत्रमा निर्यात गर्नका लागि आवश्यक प्रबन्ध मिलाउन सक्नेछ।

(५) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यकता र सम्भाव्यता अनुरुपको कृषि उत्पादन

केन्द्रित प्रशोधन केन्द्रको स्थापना र सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ।

## परिच्छेद -८

## कृषि बजार प्रणाली व्यवस्थापन सम्बन्धी व्यवस्था

२८. **कृषि बजार र कृषि उपज संकलन केन्द्रको स्थापनाः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उत्पादन बिक्रिका लागि किसान र सरोकारवालासँगको परामर्शमा उपयुक्त स्थानहरुमा कृषि बजार वा कृषि उपज संकलन केन्द्रको स्थापना गरी आफै वा कृषक समूह तथा कृषि सहकारी संस्था मार्फत सञ्चालन गर्न सक्नेछ।

(२) नगरपालिकामा दर्ता भएका कृषि सम्बन्धी सहकारी संस्था, कृषक समूह वा कृषि सम्बन्धी व्यवसायिक संस्थाले कार्यपालिकाको अनुमति लिइ कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछन्।

(३) नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने कृषि बजारको वर्गीकरण देहायबमोजिम हुनेछः

(क) थोक बजार ,

(ख) खुद्रा बजार,

(ग) हाटबजार,

(घ) कृषि सहकारी संस्था र कृषक समूहको संयुक्त हाटबजार र
(ङ) कृषि उपज सङ्कलन केन्द्र।

(४) उपदफा (१) बमोजिमका बजार सञ्चालन र व्यवस्थापन वापत लाग्ने सेवा शुल्क आर्थिक ऐनमा तोकिएबमोजिम हुनेछ।

(५) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्रमा कृषि उपजको खरिद बिक्रि गर्दा नगरपालिकाले निर्धारण गरेको न्यूनतम समर्थन मूल्यमा मात्र खरिद बिक्रि गर्नु पर्नेछ।

(६) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्रको सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(७) गरिब तथा विपन्न र सिमान्तकृत किसानले उत्पादन गरेका कृषि उपज बजारसम्म ढुवानी गर्नका लागि नगरपालिकाले कृषि उपजमा ढुवानी अनुदान वा कृषि एम्बुलेन्स सेवा उपलब्ध गराउन सक्नेछ।

२९. **गुणस्तर निर्धारण प्रणाली अवलम्बन गर्न सकिने:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका किसानले गरेको कृषि उत्पादन प्राङ्गारिक खेती प्रणाली अवलम्बन गरी गुणस्तरीय

रहेको छ भनी गुणस्तर प्रमाणीकरण गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर प्रमाणीकरण गर्दा सहभागितामूलक विधि अवलम्बन गर्नु पर्नेछ।

(३) प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३०. **न्यूनतम् समर्थन मूल्य निर्धारण गर्न सक्नेः** (१) नगरपालिकाले कृषि बजार व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाको बैठकबाट कृषि उपजको न्यूनतम् समर्थन मूल्य तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कृषि उपजको न्यूनतम् समर्थन मूल्य तोक्दा छिमेकी स्थानीय तहमा रहेको कृषि उपजको न्यूनतम् समर्थन मूल्य तथा बजार मूल्यलाई समेत ध्यान दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम न्यूनतम समर्थन मूल्य तोक्दा किसान, कृषि उपज व्यावसायी, कृषि सहकारी संस्था, कृषक समूह र नगरपालिका क्षेत्रभित्र कार्यरत कृषि सम्बन्धी सङ्घ संस्था र नागरिक समाजसँग परामर्श गर्नु पर्नेछ।

(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले कृषकले सङ्कलन केन्द्र वा आफ्नो खेतबारीमा प्राप्त गर्ने मूल्य तथा उपभोक्ताले तिर्ने मूल्यको नियमित अभिलेख राखी सुधारका लागि सुझाव दिन सक्नेछ।

(५) कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण सम्बन्धी मापदण्ड र सूचक कार्यपालिकाले ताकेबमोजिम हुनेछ।

३१. **<u>कृषि व्यापारीको दर्ता र नियमन व्यवस्थाः</u>** (१) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्र भित्र व्यापार गर्न इच्छुक कृषि व्यापारी वा कृषि उपज व्यवसायी नगरपालिकामा दर्ता हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता हुनको लागि कृषि व्यापारी वा कृषि उपज व्यवसायीले देहायबमोजिमका कागजात पेश गर्नु पर्नेछः

(क) व्यवसायीको नागरिकताको प्रतिलिपि,

(ख) सम्बन्धित निकायमा भएको व्यवसाय दर्ता प्रमाणपत्र,

(ग) स्थायी लेखा नम्बर प्रमाणपत्र,र

(घ) कृषि बजार तथा कृषि उपज सङ्कलन केन्द्रभित्र सञ्चालन गर्न

चाहेको कृषि व्यवसायको योजना।

(३) कृषि व्यापारी वा कृषि उपज व्यवसायीको दर्ता र नियमनसम्बन्धी अन्य व्यवस्था कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) दर्ता भएका कृषि व्यवसायीसँग सम्झौता गरी नगरपालिकाले कृषि उपजको न्यूनतम् सर्मथन मूल्य सम्बन्धी व्यवस्था लागू गर्न सक्नेछ।

(५) यस दफा बमोजिम दर्ता भएका कृषि व्यवसायीले कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्र भित्र किसानसँग कृषि उपज खरिद गर्दा तोकिएको न्यूनतम् सर्मथन मूल्य भन्दा कम मूल्यमा कृषि उपज खरिद गर्न पाइने छैन।

३२. **<u>कृषि उपजको आयात निर्यातः</u>** (१) कृषि शाखाले किसानहरुसँग जानकारी लिई नगरपालिका क्षेत्रभित्र उत्पादन भएका कृषि उपजको चौमासिक तथ्याङ्क र अभिलेख तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको तथ्याङ्क तथा अभिलेखलाई कृषि शाखाले चौमासिक

रुपमा कृषि बजार व्यवस्थापन तथा अनुगमन समिति र कार्यपालिकामा पेश गरी सार्वजनिक गर्नु पर्नेछ।

(३) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले नगरपालिका क्षेत्रभित्र खपत नभई बचत हुन सक्ने कृषि उपजलाई अन्यत्र निकासीका लागि आवश्यक प्रवन्ध गर्न सक्नेछ।

(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले नगरपालिकाका नागरिकलाई आवश्यक पर्ने कृषि उपज आयात गर्ने व्यवस्था समेत मिलाउन सक्नेछ।

(५) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले कृषक, कृषि व्यावसायी र सरोकारवाला बीच त्रैमासिक रुपमा नियमित बैठकको आयोजना गर्नेछ।

३३. <u>पशुपन्छी सेवासम्बन्धी व्यवसाय दर्ता:</u> (१) एग्रोभेट, दाना तथा फिड्स सप्लिमेन्ट्री चल्ला लगायतका पुशपन्छी सेवासम्बन्धी उद्योग, कम्पनी वा फर्मले आर्थिक ऐनद्वारा निर्धारत शुल्क तिरी नगरपालिकामा दर्ता गर्ने र वार्षिक रुपमा नवीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका उद्योग, कम्पनी वा फर्मको कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले नियमित रुपमा अनुगमन गरी गुणस्तर

सुधारका लागि आवश्यक निर्देशन दिनेछ र सम्बन्धित उद्यमी वा व्यवसायीले त्यस्तो निर्देशनको पालना गर्नु पर्नेछ।

३४. <u>**पशुपन्छी सेवा केन्द्र स्थापना गर्न सक्नेः**</u> नगरपालिकाले किसानलाई पायक पर्ने स्थानमा आवश्यक ल्याव र प्रविधि सहितको पशुपन्छी सेवा केन्द्र स्थापना र सञ्चालन गर्न आवश्यक प्रवन्ध गर्न सक्नेछ।

३५. <u>**पशु बधशाला तथा बधस्थलको व्यवस्थाः**</u> (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र पशु बधशाला तथा पशु बधस्थल स्थापना गर्न उपयुक्त स्थान पहिचान गरी सञ्चालनमा ल्याउन सक्नेछ।

(२) पशुपन्छी सम्बन्धी सहकारी वा व्यवसायिक संस्थाले नगरपालिकाको अनुमति लिई पशु बधशाला स्थापना गर्न सक्नेछ।

(३) नगरपालिकाले सहकारी संस्था वा व्यवसायिक संस्थासँग सार्वजनिक निजी साझेदारीमा पशु बधशाला वा पशु वधस्थल स्थापना गरी सञ्चालन गराउन सक्नेछ।

(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले सम्बन्धित सरोकारवाला समेतको प्रतिनिधित्व र सहभागितामा पशु कल्याण, पशुजन्य रोग नियन्त्रण, पशु बधशाला तथा पशु बधस्थल सञ्चालन, पशुपन्छीको

मासु र मासु पसल तथा फ्रेस हाउसले पालना गर्नु पर्ने मापदण्ड वा कार्यविधि तर्जुमा गरी कार्यपालिकाको स्वीकृति लिई लागू गर्न सक्नेछ।

(५) मृत्यू भएका पशु विसर्जनका लागि सम्बन्धित वडा कार्यालयले उपयुक्त स्थान तोक्न सक्नेछ र पशुधनीले उक्त तोकिएको स्थानमा नै मृत पशुहरु विसर्जन गर्नु पर्नेछ।

३६. **दुग्ध उत्पादनको प्रशोधन र बजारीकरणः** (१) नगरपालिकाकालाई दुग्धजन्य उत्पादनमा आत्मनिर्भर बनाउनका लागि पशुपालक किसानलाई अनुदान तथा प्राविधिक सेवा लगायतका सहयोग उपलब्ध गराउन सकिनेछ।

(२) नगरपालिकाले पशुपालक किसानले उत्पादन गरेको दुधको प्रशोधन गरी मूल्य अभिवृद्धि गराउन दुध चिस्यान केन्द्र तथा दुधमा आधारित वस्तु उत्पादन सम्बन्धी उद्यम स्थापना र सञ्चालनका लागि सहयोग तथा सहजीकरण गर्न सक्नेछ।

(३) नगरपालिकाले पशु गोठ व्यवस्थापन, खोर सुधार, घाँस, दाना तथा अन्य आहार र पानी आपूर्तिका साथै पशुजन्य रोगको उपचार जस्ता विषयमा आवश्यक आर्थिक तथा मानवीय स्रोत सहितको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

## परिच्छेद -९

## कृषि पर्यावरण तथा कृषि जैविक विविधता संरक्षण सम्वन्धी व्यवस्था

३७. **सिंचाइका स्रोतहरुको संरक्षणः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्राकृतिक रुपमा रहेका जलाधार, सिमसार, पानीको मुहान, पोखरी, नदीनाला, पुराना राजकूलो, परम्परागत कूलो बाँध पैनी आदिको संरक्षण, मर्मत सम्भार र जिर्णोद्धार गरी सिंचाइका लागि सञ्चालनमा ल्याउनु पर्नेछ।

३८. **माटो परीक्षणको व्यबस्थाः** (१) नगरपालिका भित्र कृषि कार्यक्रम सञ्चालन गर्नका लागि तथा तुलनात्मक लाभका कृषि वस्तु उत्पादनका लागि कृषि पकेट क्षेत्र छुटयाउनु भन्दा पहिले माटो परीक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाले सरकारी प्रयोगशाला वा सेवा प्रदायक संस्थाका प्रयोगशालाको उपयोग गर्ने र किसानको खेतबारीमा नै माटो परीक्षण गर्न गराउनका लागि आवश्यक व्यवस्था मिलाउन सहयोग गर्न सक्नेछ।

३९. **कृषि जैविक विविधता र वातावरण संरक्षणः** (१) नगरपालिकाले कृषि क्षेत्रमा जलवायु अनुकूलन तथा उत्थानशिलताका लागि उपयुक्त प्रविधि र पर्यावरण र

जलवायुमैत्री दिगो कृषि प्रणालीको विकास गर्न प्राथमिकता दिनु पर्नेछ।

(२) कृषि जैविक विविधतालाई मध्यनजर गर्दै एकीकृत र मिश्रित खेती प्रणालीमा जोड दिँदै कृषि उत्पादनका लागि स्थानीय विशेषताका आधारमा स्थानीय स्रोत परिचालन गर्नु पर्नेछ।

(३) नगरपालिकाले कृषि क्षेत्रलाई प्रकोपबाट सुरक्षित राख्नका लागि स्थानीय अनुकूलन योजना र विपत जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ।

(४) नगरपालिकाले जलवायुजन्य जोखिम बहन गर्नसक्ने र प्राकृतिक पहिचान भएका वाली र बोटविरुवा, वनस्पति तथा बीउ बीजनको अनुवंश, जीवको पहिचान र संरक्षणका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्नेछ।

(५) कृषक तथा व्यवसायीले कृषिजन्य कार्यहरु गर्दा वातावरणमा प्रतिकूल असर पर्ने कार्यहरु गर्न पाइने छैन र कृषि भूमिको प्राकृतिक स्वरुपमा परिवर्तन भएमा सम्भव भएसम्म कृषि जमिनलाई पहिलाकै अवस्थामा ल्याउने व्यवस्था मिलाउनु पर्नेछ।

४०. **कृषि पर्यापर्यटनः** (१) नगरपालिकाले किसानलाई कृषि पर्यापर्यटन प्रवर्द्धन हुने गरी प्राकृतिक रुपमा कृषि कार्य सञ्चालन गर्न प्रोत्साहन गर्नेछ।

(२) कृषि तथा पशुपालन सम्बन्धी स्रोत केन्द्रहरुको विकास गर्दा पर्यापर्यटनलाई समेत प्रवर्द्धन हुने गरी सञ्चालन गर्नु पर्नेछ।

(३) नगरपालिकाले कृषि पर्यापर्यटन प्रवर्द्धन गर्न आफ्नो क्षेत्रभित्र नमुना कृषि पर्यपर्यटन क्षेत्र घोषणा गर्न सक्नेछ।

(४) कृषक समूह तथा रैथाने किसानहरुले सामूहिक रुपमा विकास गर्दै आएका कृषिजन्य भू-दृष्यहरुमा आधारित कृषि पर्यापर्यटनको प्रवर्द्धनका लागि त्यस्ता समूहलाई नगरपालिकाले आवश्यक सहयोग गर्न सकिनेछ।

४१. **कृषि वन प्रणालीको विकासः** (१) नगरपालिकाले किसानलाई पर्यावरण, जलवायु र जैविक विविधता अनुकूल हुने गरी कृषि वन प्रणालीको विकास गर्न अनुदान लगायतका उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) कृषि वनबाट उत्पादित पैदावारमध्ये सुचिकृत भएका पैदावारलाई तोकिएको शुल्क तिरी

वनसम्बन्धी प्रचलित कानुन बमोजिम कृषिवस्तु सरह सूचीकृत भएका पैदावारलाई कृषि वस्तु सरह मानी विना अनुमति ओसारपसार बिक्रि वितरण गर्न पाइनेछ।

(३) नगरपालिकाले कृषि वनको विकासका लागि विभिन्न स्थानमा नर्सरी स्थापना गर्न कृषक समूहलाई अवश्यक अनुदान उपलब्ध गराउन सक्नेछ।

(४) नगरपालिकाले पशु आहारको दिगो आपूर्तिका लागि भुईं तथा डाले घाँस उत्पादनका लागि कृषि वन प्रवर्द्धन गर्न आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

४२. **चरीचरण क्षेत्रको निर्धारणः** पशुपन्छीको विकास र जैविक खेती प्रवर्द्धनका लागि उपलब्ध भएसम्मका सार्वजिनक जग्गा, बाँझो जमिन र खर्क जग्गालाई पशु चरीचरणका लागि उपयोगमा ल्याउन नगरपालिकाले आवश्यक सहयोग र सहजीकरण गर्न सक्नेछ।

४३. **छाडा गाईवस्तुको व्यस्थापन** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका छाडा गाईवस्तुको व्यस्थापनका लागि सम्बन्धित पशुपालक किसान, बन समितिको सहयोग र समन्वयमा लगत संकलन गरी संकेतपट्टा लगाई गौशाला

तथा कान्जी हाउसको व्यवस्था गरी छाडा गाईवस्तुको व्यवस्थापन गर्न पर्नेछ।

(२) कुनै संस्था, समूह र व्यक्तिले छाडा गाईवस्तुको नियन्त्रण तथा व्यस्थापनका लागि गौसाला र कान्जी हाउसको व्यवस्थापन गर्न चाहेमा नगरपालिकाले उक्त कार्यका लागि बिशेष अनुदान उपलब्ध गराउन सक्नेछ।

(३) कसैले आफ्नो गाईवस्तु छाडा छोडेका कारण कसैको सम्पत्ति वा कुनै वस्तु हानी नोक्सानी भएमा गाईवस्तु छाडा छोड्ने व्यक्तिले सो वापत तिर्नुपर्ने क्षतिपूर्ति रकम र सो सम्बन्धी प्रक्रिया कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

४४. **<u>हानीकारक वन्यजन्तुको व्यवस्थापनः</u>** (१) नगरपालिकाले वनमा पानी पोखरी निर्माण, वन क्षेत्रमा वन्यजन्तुमैत्री फलफूलका रुख विरुवाको सरक्षण र व्यवस्थापन, वन डढेलो नियन्त्रण जस्ता कार्यक्रम गरी वन्यजन्तुलाई वनमा नै बस्ने वातावरण सृजना गर्नेछ।

(२) वन्यजन्तुबाट हुने कृषि बाली तथा पशुधनको क्षति वापत क्षतिपूर्ति उपलब्ध गराउनका लागि नगरपालिकाले वार्षिक रुपमा बजेट विनियोजन गर्न सक्नेछ।

## परिच्छेद-१०

## विविध

४५. **अन्तर निकाय समन्वयः** (१) नगरपालिकामा सञ्चालन गरिने कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रम बीच दोहोरोपना हुन नदिन र एक आपसमा समन्वय गरी कार्यक्रम सञ्चालन गर्न योजना तर्जुमा प्रक्रियाका सबै चरणमा सबै निकाय र सरोकारवाला बीच समन्वय र सहकार्य सहित योजना तर्जुमा गरी कार्यान्वियन गरिनेछ।

(२) नेपाल सरकार र प्रदेश सरकारबाट सञ्चालन गरिने कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रममा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ।

४६. **कृषक पेन्सन कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) नगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी कृषकको वर्गीकरण र कृषक परिचय पत्रको आधारमा किसान सञ्चित कोष वा अन्य उपयुक्त कोषको माध्यमबाट कृषक पेन्सन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) कृषक पेन्सन कार्यक्रम सञ्चालनका लागि कृषक छनौट, सहयोगको स्वरुप र विधि लगायतका अन्य प्रक्रिया तोकिएबमोजिम हुनेछ।

४७. **<u>कृषि वा कृषक पुरस्कारः</u>** (१) नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका पौरखी किसान र कृषि विकासमा उल्लेखनीय योगदान गर्ने विभिन्न व्यक्ति, कर्मचारी तथा सङ्घ संस्थालाई पारदर्शी र निष्पक्ष मूल्याङ्कनका आधारमा प्रत्येक वर्ष कार्यपालिकाले निर्धारण गरे बमोजिम कृषक सम्मान पुरस्कार प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिमको पुरस्कारका लागि सिफारिस गर्न कार्यपालिकाले एक सिफारिस समिति गठन गर्नेछ र उक्त समितिले मूल्याङ्कनका मापदण्ड बनाई सोही आधारमा सिफारिस गर्नु पर्नेछ।

४८. **<u>दण्ड सजायः</u>** देहायबमोजिमका र यस्तै प्रकृतिका कसुरको अनुसन्धान तथ तहकीकात, मुद्दा दर्ता र दण्ड सजाय सम्बन्धी व्यवस्था उपभोक्ता संरक्षण, वातावरण संरक्षण र बीउ बीजन लगायतका प्रचलित कानुनमा तोकिएबमोजिम हुनेछः

(क) कृषिका लागि उपयोग हुने माटो तथा पानी प्रदुषण गर्ने,

(ख) उमारशक्ति नभएका, फल दिन नसक्ने किसिमका, सूचित नभएका र लेबल नभएका

बीउ बीजन बिक्रि वितरण गरी किसानलाई हानी नोक्सानी पुऱ्याउने,

(ग) प्रतिबन्धित किटनाशक विषादी बिक्रि वितरण गर्ने,

(घ) किसानलाई आपूर्ति गर्नु पर्ने मलखाद तथा बीउ बीजन र दाना लगायतका वस्तुको आपूर्तिमा कृत्रिम अभाव खडा गरी कालो बजारी गर्ने,

(ङ) कृषि तथा दुध र मासुजन्य उत्पादनमा मिसावट गरी गुणस्तर ह्रास गर्ने,

(च) गुणस्तरहिन कृषि सामग्री आपूर्ति गर्ने।

४९. **अधिकार प्रत्यायोजन गर्न सकिनेः** यस ऐन बमोजिम कार्यपालिकालाई प्राप्त अधिकार कुनै विषयगत समितिलाई प्रत्यायोजन गर्न सकिनेछ।

५०. **नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्नेः** यस ऐनमा गरिएका व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछः।

५१. **वाधा अड्काउ फुकाउने अधिकारः** (१) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा

त्यस्तो वाधा अड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै ऐनमा उल्लेख भए सरह मानिनेछ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा यस ऐनमा उल्लिखित मूलभूत कुरालाई असर नपर्ने गरी गर्नु पर्नेछ।

५२. **खारेजी तथा बचाउ:** (१) यस नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ लाई खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लेखित कृषि व्यवसाय प्रवर्धन ऐन, २०७५ यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले**

अम्मर राज जोशी

प्रमुख प्रशासकीय अधिकृत